## भिमसेनथापा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खाञ्चोक, गोरखा ।

# आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

Scanned with CamScanner

# आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

कार्यपालिकावाट स्वीकृत मितिः २०७६/०८/१२

**प्रस्थावना**

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने जस्ता अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिको सामना गरिरहेका नागरिकहरुलाई तत्काल केहि राहत उपलब्ध गराउन आवश्यक देखि आर्थिक सहायता कोष स्थापना र व्यवस्थापन गर्न वान्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) तथा भिमसेनथापा गाउँपालिकाको आर्थिक ऐन बमोजिम आर्थिक सहायता कोषलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तबरले परिचालन तथा व्यवस्थापन गर्न यो आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ लाई गाउँ कार्यपालिकाको मिति २०७६/०८/१२ मा बसेको बैठकले स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद - १

### १.संक्षिप्त नाम र प्रारम्भ

(१) यस ऐनको नाम "आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ " रहेको छ ।

(२) यो कार्येबिधि तत्काल लागु गरिनेछ ।

### २. परिभाषा

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्येबिधि :-

क. "कार्यबिधि भन्नाले भिमसेनथापा गाउँपालिकाको "आर्थिक सहयता कोष संचालन तथा कार्यविधि, २०७६" लाई सम्झनु पर्दछ ।

ख. "कोष" भन्नाले भिमसेनथापा गाउँपालिकाको आर्थिक सहायता कोषलाई बुझ्नुपर्छ ।

ग. "कार्यपलिका" भन्नाले भिमसेनथापा गाउँ कार्यपालिकालाई बुझ्नुपर्छ ।

घ. "आर्थिक सहयता" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जीवनमा दिर्घ असर पार्ने खालका मुटु, मृगौला, क्यान्सर, मस्तिस्कघात तथा पक्षघत जस्ता दिर्घरोगबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहयतालाई बुझ्नुपर्छ ।

ईश्वर पाण्डे

Scanned with CamScanner

## परिच्छेद २

## कोषको अवधारणा, लक्ष्य, उदेश्य र नीति

**३.अवधारणा**

भिमसेनथापा गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सृजित विपदबाट प्रभावित व्यक्ति,परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थीक स्थिति रहेका दिर्घरोगिहरु लगायत अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउन यस प्रकारको कोषको स्थापना भएको छ ।

**४.लक्ष्य**

प्राकृतिक तथा मानव सृजित विपद्को प्रकोपमा परेका व्यक्ति,परिवार,तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दिर्घरोगीहरु, अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्यशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलब्ध गराउनुनै कोषको लक्ष्य रहेको छ।

**५.उदेश्य**

१) विपद पिडितलाई तत्काल राहत उपलब्ध गराउने,
२) आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको बिशेष परिस्थितिमा तत्काल गर्ने आकस्मिक कार्य गर्ने,

**६.नीति**

१)विपद् पिडितलाई तत्काल राहत उपलब्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने,
२)गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरी आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्यूनीकरण गर्ने,
३)स्थानिय तहमा रहेका अत्यन्त विपन्न दिर्घरोगिहरु,दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३
## कोष स्थापना

**७.कोष स्थापना**

१)आर्थिक सहयेता कोष नाम गरेको कोषको स्थापना हुनेछ।
२)यस कोषको नाम भिमसेनथापा गाउँपालिका आर्थिक सहायता कोष रहनेछ ।

**८.कोषमा जम्मा हुने रकम**

१)गाउँसभाबाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

Scanned with CamScanner

२)दातृ निकाय,गैर सरकारी संस्था,संघीय सरकार,प्रदेश सरकार,अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद ४
## कोषको रकम परिचालन सम्बन्धि व्यवस्था

**९.कोषबाट खर्च हुने क्षेत्र** : (१) कोषबाट प्राकृतिक विपदबाट भएका धनजनको क्षति र दिर्घरोग लागेका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) प्राकृतिक विपद जस्तै आगलागी,बाढी,तथा पहिरो तथा भूकम्पको कारण धनजनको क्षति भएमा देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ ।

| क्र.स. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षेतीको विवरण) | सामग्री तथा. | नगद अनुदान सहयोग |
|---|---|---|---|
| | | तत्काल उपलब्ध गराउने राहत सामग्री | सहयोग गर्ने रकम |
| १ | घर र गोठ सबै जलेर/बगेर/पुरिएर/सम्पूर्ण सामग्री समेत नष्ट | पाल थान १, खाना पकाउने तथा खाने भाँडा १ सेट,१ हप्ताको लागि आवश्यक पर्ने खाना | ५०००-१०००० |
| २ | घर जलेर/ बगेर/पुरिएर सम्पूर्ण सामग्री समेत नष्ट | | ५०००-१०००० |
| ३ | घर र गोठ दुवै जलेर सम्पूर्ण सामग्री समेत नष्ट भएमा र मानिसको समेत मृत्यु भएमा | | ५०००० सम्म |
| ४ | घर र गोठ दुवै जलेर सम्पूर्ण सामग्री समेत नष्ट भएमा र पशुको समेत मृत्यु भएमा | | १००००-२०००० |
| ५ | गोठ मात्र जलेर र पशुको समेत मृत्यु भएमा | | ५०००-१५००० |
| ६ | गोठ जलेर/ बगेर/पुरिएर सम्पूर्ण सामग्री समेत नष्ट | | ५०००-१५००० |
| ७ | प्राकृतिक प्रकोपमा परि घाइते भएका व्यक्तिको लागि अस्पताल गइ उपचार गर्नु परेमा | | ५०००-२०००० |

३) थप क्षति हुनवाट जोगाउन तथा संरक्षण गर्न, यथास्थितिमा ल्याउन मर्मत सम्भार एवं निर्माण गराउन आवश्यक देखिएमा प्राविधिकको लागत अनुमानमा आधारित रहेर कार्य सम्पन्न मुल्यांकन पश्चात ५० हजार सम्मको ५०%, १ लाख सम्मको ३०% र १ लाख भन्दा वढि जतिसुकै रकमको २०% गाउँपालिकाले नै दायित्व लिनुपर्ने अवस्था देखिएका क्षेत्रमा भएको क्षतिको पूननिर्माण कार्य गाउँपालिका आफैले गर्न सक्नेछ । नगद अनुदान उपलब्ध गराइनेछ । नगद अनुदान दिंदा दफा (ख) १-६) वमोजिमको नगद अनुदान रकम कटाइ बाँकी रकम मात्र भुक्तानी गरिनेछ ।

४) विभिन्न जटिल तथा दिर्घरोग जस्तै: क्यान्सर, मुटु रोग, मृगौला रोग, पक्षघात तथा मष्तिष्कघात जता रोग लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरिव/विपन्न नागरिकको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति रु.१०,००० देखि ५०,००० सम्म उपचार खर्च उपलब्ध गराउन सक्नेछ ।

Scanned with CamScanner

१०.सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजात:

१)गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(२) प्राकृतिक विपदबाट धनजनको क्षति सन्दर्भमा पेश गर्नुपर्ने कागजातहरु
(क) निवेदन
(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस
(ग) सम्बन्धित प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का प्रतिवेदन
(घ) क्षतिको फोटो
(ङ) आवश्यक भएमा क्षतिको प्राविधिक मुल्यांकन
(च) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस पत्र
(छ) अन्य आवश्यक प्रमाणहरु

(३) गाउँपालिकाले औषधी उपचारका लागि सहयोग उपलब्ध गराउंदा निम्न प्रक्रिया अवलम्बन गर्नेछ:
(क) सम्बन्धित व्यक्ति वा निजका अभिभावक वा निजको संरक्षकको निवेदन,
(ख)निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिंग होम वा स्वास्थ्य क्लिनिक वा जांच गर्ने स्वीकृत चिकित्सकले जांच गरेका प्रमाणका प्रतिलिपि, यस्ता कागजात निवेदन दिने मिति भन्दा १ एक बर्ष पुरानो भएमा मान्य हुने छैन ।
(ग) सम्बन्धित चिकित्सकले उपचारका लागि लेखि दिएका औषधीहरुको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,
(घ)कडा रोग लागि अप्रेसन गर्नुपर्ने,कुनै अंग फेर्नुपर्ने वा उपचारका लागि धैरे खर्चलाग्ने भएमा सो का लागि मेडिकल वोर्डको सिफारिस पेश गर्नु पर्नेछ ।
(ङ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस पत्र

**११.आर्थिक सहयोगको निर्णय** : (१) दफा १० बमोजिम प्रक्रिया पुरा गरि सहयोग माग भएमा रु २००००।- सम्मको हकमा अध्यक्षले तोक आदेश गर्न सक्नेछन ।

(२) उपदफा (१) मा तोकिएको भन्दा माथिको आर्थिक सहायता रकम उपलब्ध गर्न परेमा कार्यापलिकाको बैठकले निर्णय गर्नुपर्नेछ ।

(३) दफा ९ को उपदफा (२) बमोजिमको सामग्री तत्काल उपलब्ध गर्न प्रमुख प्रशासकीय अधिकृतले सोझै आदेश गर्न सक्नेछ।

## परिच्छेद ५

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१२. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था**: (१) कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन हुनेछ ।

Scanned with CamScanner

१३. अलग्गै कोष व्यवस्था नगरिए सम्म वजेट तथा कार्यक्रमको सम्वन्धीत शीर्षकवाट यस कार्यविधिको अधिनमा रहि अर्थिक सहायता उपलब्ध गराइनेछ ।

## परिच्छेद ६

## विविध

**१३. आर्थिक सहायता कोषको रकममा वृद्धि गर्न सक्ने**: (१) गाउँपालिकाले गाउँसभा बाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यक अनुसार वृद्धि गराउन सक्नेछ ।

**१४.जांच पास तथा फरफारक** (१) कोष बाट खर्च भएको जांच पास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

**१५. कार्यविधिको संशोधन:** (१) यस कार्येविधिलाई गाउँकार्यापलिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१६. बचाऊ र खारेजी**: (१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ। कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यापलिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

Scanned with CamScanner